नबिल बैंक र डोको रिसाइक्लर्सबीच सम्झौता

काठमाडौं/रास– नबिल बैंक र डोको रिसाइक्लर्सबीच बैंकमा हुन सक्ने विभिन्न खालका फोहोरको व्यवस्थापन गर्न सम्झौता भएको छ।

सम्झौताबमोजिम डोकोले नबिल बैंकमा रहेको काम नलाग्ने कागजपत्रलाई टुक्र्याई पुनः प्रयोग गर्ने, कुहिने नकुहिने फोहोर छुट्याउने र अन्य विभिन्न

खालका फोहोरको दिगो व्यवस्थापनका लागि सहकार्य गरिनेछ। उक्त सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्रप्रसाद ढुंगाना तथा डोको रिसाइक्लर्सका संस्थापक रुनित सरियाले हस्ताक्षर गरेका थिए।

सम्झौताको पहिलो चरणमा डोकोले बैंकमा रहेका काम नलाग्ने कागजातको व्यवस्थापनमा कार्य गर्नेछ। बैंकमा प्रयोग भई काम नलाग्ने अवस्थामा रहेका कागजको फोहोरलाई टुक्राई पुनः प्रयोग योग्य बनाउने, डिस्पोजलको कार्यलाई वातावरणमैत्री बनाउने र नयाँ कागज बनाउन पुराना कागजलाई कच्चा पदार्थका रूपमा प्रयोग गरी रुख बचाऊ अभियानमा समर्थन जनाउने बैंकले जनाएको छ।

त्यसैगरी, व्यवहार परिवर्तनका लागि बैंकका कर्मचारी तथा ग्राउन्ड स्टाफका लागि तालिम तथा सचेतना कार्यक्रम आयोजना गर्न डोकोले सहयोग गर्नेछ।

सम्झौतामा डोकोले बैंकको हाताभित्रै गएर काम नलाग्ने कागजात मेसिनको सहायताले नष्ट गर्ने पनि उल्लेख गरिएको छ। यस सम्झौताले बैंकले लिएको दिगो बैंकिङको अवधारणालाई टेवा पुग्ने बैंकले बताएको छ।

नेपाल सरकारले अवलम्बन गरेको दिगो विकासको लक्ष्यलाई सघाउन नबिल बैंकले २०७८ असार १५ गते धान दिवसका दिन दिगो बैंकिङको सुरुवात गरेको हो। सुरुमा १७ वटा शाखाबाट सुरु गरेको दिगो बैंकिङ सेवा बैंकले हाल १०० शाखामा विस्तार गरेको छ। नबिल बैंक निजि क्षेत्रको अग्रणी बैंक हो। यसका देश भरी २३३ शाखा र २६९ एटीएम काउन्टरहरू रहेका छन्।

स्प्रेड दर घटाउँदैमा ब्याजदर घट्दैन : महासंघ

काठमाडौं/रास– नेपाल उद्योग वाणिज्य महासंघले चालू पुँजी कर्जा मार्गदर्शन-२०७९ दुई वर्षसम्म स्थगित गर्न माग गरेको छ।

महासंघले मंगलबार आयोजना गरेको पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष शेखर गोल्छाले नेपाल राष्ट्र बैंकले कात्तिक १ देखि लागू गरेको चालू पुँजी कर्जाको मार्गदर्शन स्थगित गर्न माग गरेको हो। कार्यक्रममा उनले शोधनान्तर स्थिति चिन्ताजनक अवस्थामा रहेको भन्दै तरलता बजारमा उपलब्ध नभएकाले स्थगित हुनुपर्ने माग गरेको बताए।

अध्यक्ष गोल्छाले चालू पुँजी कर्जाको व्यवस्था नराम्रो नभए पनि अहिले लागू गर्ने समय उपयुक्त नभएको बताए। महासंघले राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत बैंकको ब्याजदर अन्तर (स्प्रेडदर) घटाउने नीति लिएको स्वागत गर्दै स्प्रेड घटाउने नीतिले ब्याजदर बढ्न नदिने भए पनि तत्काल ब्याजदर नघट्ने निचोड निकालेको छ।

राष्ट्र बैंकले दिएको ६० अर्ब पुनर्कर्जा केन्द्रीय बैंकमा फिर्ता जाने अवस्थामा रहेको र उद्यमी व्यवसायीलाई समस्या पार्ने र बजारमा तरलता अभाव थप हुने हुँदा एक वर्ष म्याद थप गर्न अनुरोध गरेको छ।

बैंकको अनिवार्य नगद मौज्दात (सीआरआर)लाई एक प्रतिशत बिन्दुले घटाउने तथा स्थानीय तहको पैसा निश्चित समयका लागि सतप्रतिशत निक्षेपमा गणना गर्न दिने सुविधा दिन महासंघले माग गरेको छ। आइतबार राष्ट्र बैंकले चालू मौद्रिक नीतिको प्रथम त्रैमासिक समीक्षामार्फत बैंकले निक्षेपमा दिने र कर्जामा लिने ब्याजदरबीच औसत अन्तर (स्प्रेड दर) घटाएको थियो। हाल वाणिज्य बैंकको स्प्रेड दर ४.४ प्रतिशत रहेकोमा अब ४ प्रतिशतमा झार्ने भएको छ। विकास बैंक र वित्त कम्पनीको ५ प्रतिशत रहेको स्प्रेड दर अधिक्तम ४.६ प्रतिशत कायम गर्नुपर्ने भएको छ।

साधारण बचतको ब्याजदर पछिल्लो एक वर्षमा सतप्रतिशत र मुद्दती निक्षेप ५० प्रतिशतले बढे पनि त्यसले निक्षेप नबढेको भन्दै महासंघले ब्याजदर वृद्धिको औचित्य नदेखिएको महासंघले बताएको छ।

सरकार र राष्ट्र बैंकको नीतिका कारण आर्थिक क्रियाकलाप घटेर राजस्व प्रभावित बनेको तथा चालू खर्च भने वृद्धि हुँदा चालू खर्चकै लागि ऋण लिनुपर्ने बाध्यात्मक अवस्था आउन लागेको अध्यक्ष गोल्छाले बताए।

नेसनल लाइफको अभिकर्ता प्रशिक्षण

काठमाडौं/रास– नेसनल लाइफ इन्स्योरेन्स कम्पनीले सुदूरपश्चिम प्रदेशको अछाममा अभिकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको छ।

प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीको प्रमुख आथित्यतामा सम्पन्न भएको सो कार्यक्रममा कम्पनीको अछाम कार्यालयमा आबद्ध करिब १३५ जना अभिकर्ताको सहभागिता रहेको थियो।

प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले कम्पनीको विभिन्न शाखा कार्यलयमा आबद्ध भई बिमा व्यवसाय गर्दै आएका अभिकर्तालाई अभिकर्ता पेसामा व्यावसायिक बनाउँदै उहाँहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन गर्ने र कम्पनीको व्यवसायसमेत प्रवर्द्धन गर्दै लैजाने नीतिअनुरूप कम्पनीले यस प्रकारको कार्यक्रम आयोजना गरिएको बताए।

कम्पनीका मार्केटिङ विभाग प्रमुख विवेक शर्माले सहभागी अभिकर्तालाई बिमा बिक्रय कला सम्बन्धमा प्रशिक्षण दिएको थियो।

कार्यक्रममा उत्कृष्ट व्यवसाय गरी अछाम शाखाबाट चेयरपर्सन क्लबमा छनोट भएका अभिकर्तालाई प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले सम्मानपत्रबाट सम्मान गरेको थियो।

उक्त कार्यक्रममा एजेन्सी विभाग प्रमुख सुशीलप्रताप राणाले कम्पनीले तयार गरेको वार्षिक तथा मासिक स्किमबारे जानकारी गराएका थिए भने कम्पनीको अछाम शाखा प्रमुख दिपक खड्काले सहभागीलाई धन्यवाद ज्ञापन गरेका थिए।

लक्ष्मी क्यापिटल र सनफार्मरबीच लगानीसम्बन्धी सम्झौता

काठमाडौं/रास– निजी इक्विटी र भेन्चर क्यापिटलका लागि इजाजत प्राप्त संस्था लक्ष्मी क्यापिटल मार्केट लिमिटेड र सौर्य ऊर्जा सेवा प्रदायक कम्पनी सनफार्मरबीच लगानी सम्भाव्यतासम्बन्धी एक समारोहबीच सम्भौता सम्पन्न भएको छ।

आइतबार सम्पन्न सोसम्बन्धी समझदारीपत्रमा लक्ष्मी क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत राजिव सापकोटा र सनफार्मरका तर्फबाट प्रमुख सञ्चालन अधिकृत हरि श्रेष्ठले हस्ताक्षर गरेको हो।

लक्ष्मी क्यापिटलका प्रमुख कार्यकारी अधिकृत राजिव सापकोटाले आफ्नो धारणा राख्दै मर्चेन्ट बैंकिङ तथा परामर्स सेवामा बिगतको सफल अनुभव रहेकोले नवीकरणीय र स्वच्छ ऊर्जामा योगदान पुऱ्याइरहेको सनफार्मरसँग सहकार्य गर्दै लगानी गर्न पाउँदा गर्व महसुस भएको बताउँदै अन्य परियोजनाका लागि समेत कोसेढुंगा सावित हुने विश्वास व्यक्त गरे।

संयुक्त राज्य अमेरिकामा सञ्चालित कम्पनी सनफार्मरले सन २०१४ देखि नेपालमा ४ सयभन्दा बढी सोलार इनर्जी प्रोजेक्ट सम्पन्न गरिसकेको छ।

यस कम्पनीले सौर्य ऊर्जासँगै स्वास्थ, शिक्षा र कृषिको समेत प्रवर्द्धन गर्ने उद्देश्यका साथ हालसम्म ७८,४२,७८२ युनिट स्वच्छ विद्युत् उत्पादन गरिसकेको छ।

स्मार्ट च्वाइस टेक्नोलोजिज र एभरेस्ट बैंकबीच सम्झौता

काठमाडौं/रास– नेपाल राष्ट्र बैंकबाट भुक्तानी प्रणाली सञ्चालनको अनुमति प्राप्त स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेड तथा 'क' वर्गको वाणिज्य बैंक (एभरेस्ट बैंकबीच स्मार्ट क्यूआरमार्फत भुक्तानी सेवा सञ्चालनका लागि सम्झौता सम्पन्न भएको छ।

सम्झौतापत्रमा स्माट च्वाइस टेक्नोलोजिज लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत नारायणप्रकाश भुजु र एभरेस्ट बैंकका तर्फबाट नायब प्रमुख कार्यकारी अधिकृत विजयकुमार शर्माले हस्ताक्षर गरेको छ।

विगत २० वर्षदेखि कार्डलगायत भुक्तानीका विभिन्न सेवा दिँदै आएका स्मार्ट च्वाइस टेक्नोलोजिज र स्थापना कालदेखि नै ग्राहकको पहिलो रोजाइ बनेको एभरेस्ट बैंकबीच भएको यस सम्झौताले समग्र नेपालको डिजिटल भुक्तानीको क्षेत्रमा टेवा पुग्ने आशा गरिएको छ।

सो सहकार्यले एभरेस्ट बैंकको मोबाइल बैंकिङ प्रयोगकर्ताले इबीएल टच ट्वान्टिफोर एपमार्फत स्मार्ट क्यूआर मर्चेन्टमा भुक्तानी गर्न सक्छन् भने एभरेस्ट बैंकमार्फत बिभिन्न व्यापार-व्यवसायमा संलग्न व्यवसायीले स्मार्ट क्यूआरको सुविधा लिन सक्ने छन्। ईएमभी स्ट्यान्डर्डमा जारी गरी फाइनेन्सियल स्विचमार्फत कारोबारको भुक्तानी तथा फर्स्योट गर्ने भएकाले स्मार्ट क्यूआरमार्फत भुक्तानी लिन तथा दिन सहज, सुरक्षित र भरपर्दो रहन्छ।

कालिञ्चोकको आईपीओ आजदेखि

काठमाडौं/रास– कालिञ्चोक दर्शन लिमिटेडले मंसिर १४ गते बुधबारदेखि साधारण सेयर आईपीओ निष्कासन खुला गर्ने भएको छ। कम्पनीले निष्कासन गर्ने आईपीओमा मंसिर २८ गतेसम्म आयोजना प्रभावित र वैदेशिक रोजगारीमा रहेकाले आवेदन दिन पाउने छन्।

कम्पनीले आयोजना प्रभावित स्थानीयलाई १ लाख २० हजार कित्ता र वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि १ लाख ८ हजार कित्ता सेयर निष्कासन गर्न लागेको हो।

आयोजना प्रभावित र वैदेशिक रोजगारीमा रहेकालाई आईपीओ बिक्री गरेपछि सर्वसाधारणका लागि आईपीओ निष्कासन गर्ने कम्पनीको तयारी छ।

नेपाल धितोपत्र बोर्ड (सेबोन)ले कम्पनीलाई कात्तिक २३ गते आईपीओ निष्कासनका लागि अनुमति प्रदान गरेको हो। कम्पनीले १२ करोड रुपियाँ बराबरको १२ लाख कित्ता साधारण सेयर निष्कासनको अनुमति पाएको बिक्री प्रबन्धक नबिल इन्भेस्टमेन्ट बैंकिङले जनाएको छ।

निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

यस बैंकका खातावाला श्री शिव गिरीको नाति, श्री कविराम गिरीको छोरा, सुर्खेत जिल्ला, वीरेन्द्रनगर नगरपालिका वडा नं ४ बस्ने श्री प्रेमदेव गिरीको मिति २०७९/०६/०६ का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको बचत खाता नं ०३००११०२००००४९ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनी मृतकका श्रीमती विमला गिरीले मिति २०७९/०७/२८ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक वाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सानिमा बैंक | www.sanimabank.com

शाखा कार्यालयः वीरेन्द्रनगर शाखा, सुर्खेत, फोनः ०८३-५२५३४६

एनएमबि लघुवित्त वित्तीय संस्था लि.
NMB Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' बर्गको इजाजतपत्र प्राप्त संस्था" (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय : पोखरा-२५, मिलनचोक, हेम्जा, कास्की, फोन : ०६१-४००४२७

अपचलन गरेको रकम भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

बिकाश अधिकारी

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०८/१४ गते बुधवार)

जानकी गा.पा. वडा नं.७ कैलाली स्थायी घर भई हाल **एनएमबि लघुवित्त वित्तीय संस्था लि.** केन्द्रीय कार्यालय कास्की, पोखरामा बरिष्ठ सहायक पदमा कार्यरत, हरि कृष्ण अधिकारीको नाति शिब चन्द्र अधिकारीको छोरा वर्ष ३० (ना.प्र.नं. ६७२०४४/१२४०४ कैलाली) को तपाई **श्री बिकाश अधिकारी** तत्कालीन साडेपानि शाखामा शाखा प्रमुख रहँदा विभिन्न ग्राहकहरुको रकम अपचलन गरेको उक्त रकम तिर्न बुझाउनका लागि पटक-पटक लिखित तथा मौखिक ताकेता गर्दा पनि भुक्तान नगरी सम्पर्क बिहिन भएकोले अपचलन गरेको रकम भुक्तान गर्ने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा कार्यालयमा सम्पर्क गरी हिसाव फरफारक गरी दिनु होला अन्यथा प्रचलित कानुन बमोजिम आवश्यक कानुनी कारबाही प्रक्रिया अघि बढाईने व्यहोरा यसै सूचना मार्फत जानकारी गराउँदछौं।

निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

मिति : २०७९/०८/१४ (राजधानी दैनिक)

यस नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. टेकु शाखा कार्यालयमा रहेको खाता नं. ०८३००००१२३९१३ का खातावाला आशा लाल अमात्यको नाति सम्भुलाल अमात्यको छोरा काठमाण्डौं जिल्ला का.न.पा. वडा नं. २७, सिद्धार्थ सडक, डल्ली आवास हाल ऐ. जिल्ला का.म.न.पा. वडा नं. १२, टेकु बस्ने **प्रकाश चन्द्र अमात्य**को मिति २०७९/०५/३१ मा मृत्यु भएकोले उक्त खातामा भएको रकम पाउँ भनी मृतकको हकवाला पत्नी काठमाण्डौं जिल्ला का.म.पा.वडा नं. २० हाल ऐ. जिल्ला का.म.पा. वडा नं. १५, स्वयम्भु, महाचैत्य बस्ने **सोनी श्रेष्ठ**ले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ (२) बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भए त्यस्तो हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराइन्छ। पुनश्च : म्याद भित्र दावी गर्न नआएमा वा रित नपुगी पर्न आएको दावी उपर कुनै कारवाही नहुने व्यहोरा समेत सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

NCC Bank | नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. Nepal Credit & Commerce Bank Ltd. | शाखा कार्यालय टेकु, काठमाण्डौ

CENTURY BANK

निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

प्रकाशित मितिः २०७९-०८-१४

यस बैंकको शाखा कार्यालय दिक्तेलको खातावाला देउकण्ठ राईको नाती, खबर मान राईको छोरा खोटाङ जिल्ला लफ्याङ गा.बि.स. वडा.नं ३ घर भई हाल खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी न.पा. वडा.नं ५ बस्ने भक्त कुमार राईको मिति २०७९-०७-०८(२५-१०-२०२२ ई.सं.) गतेका दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको **खाता नं 0150000872C5** को निक्षेप रकम भुक्तानी पाउँ भनी मृतकको पत्नि इन्द्र कुमारी राईले मिति २०७९-०८-११ मा यस बैंकमा निबेदन दिनु भएको हुँदा उक्त निक्षेप उपर निज निबेदक बाहेक **बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम** अन्य अग्राधिकारवाला हकदारहरुको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो सबुद प्रमाणसहित यस बैंकको केन्द्रिय कार्यालय, पुतलीसडकको कानून शाखा वा शाखा कार्यालयमा हकदाबी गर्न हुन यो सूचना प्रकाशित गरिएको छ। अन्यथा यो रकम निबेदकलाई भुक्तानी भई जानेछ। म्यादभित्र प्राप्त नभएको र रित नपुगेको दरखास्तउपर कुनै कारवाही नहुने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ।

सेन्चुरी कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः पुतलीसडक, काठमाण्डौं। फोनः ४४४५०६२। फ्याक्सः ४४४१४२२

वेबः www.centurybank.com.np । ईमेलः welcome@centurybank.com.np

साउदी अरेबीयामा रोजगारी

1. ZOMAN MOHAMMED AL-HAJRI & PARTNERS CONTRACTING CO.

Pre Approval Date: 2022/11/29 | चलानी नं.: ६०१९२३२२ | LOT No.276739 | शहरः AL-KHOBAR

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	मासिक तलब SR	मासिक तलब ने.रु.	कामदारको न्यूनतम योग्यता	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाने सुविधा	बस्ने सुविधा	करार अवधि
1	HEAVY TRUCK DRIVER	11	0	1800	61256	सम्बन्धित काममा दक्ष	कम्पनीको नियमानुसार	८ घण्टा	६ दिन	कम्पनीको नियमानुसार	छ	छ	२ वर्ष
2	Heavy Equipment Driver	15	0	2500	87810								
3	construction laboure	30	0	1000	35124								

अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९/८/२१ गते (7 Dec. 2022)मा हुनेछ।

स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने	कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कसले व्यहोर्ने	भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने	अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क
कामदार आफैंले	रोजगादाता कम्पनीले व्यहोर्ने	कामदार आफैंले	हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाता कम्पनीले दिने	रोजगारदाताले व्यहोर्ने	कामदार आफैंले	रु. ७००/- कामदार आफैंले	रु. १,५००।- कामदार आफैंले	१००००

बैदेशिक रोजगार विभागबाट जराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य रुपला लिनुहोला। २) आफु काम गर्न जाने मूलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुनछ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्र मा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग सुरक्षित राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालबै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रर्वद्धन विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt. Lic. No : 1033/071/072 | Company Reg. No.: 57377/065/066

ROVE INTERNATIONAL PVT. LTD.

Tilganga-09, Shambhumarg, Kathmandu, Nepal
P.O.Box No. 10472, Fax No.: + 977-1-4474184
Tel.: +977 4486922, 4486952, Email: info@roveintl.com
rove35@yahoo.com, **web site: www.roveintl.com**

स्थानीय सरकार

ईन्द्रावती गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नवलपुर, सिन्धुपाल्चोक

वागमती प्रदेश नेपाल

दरखास्त आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९/०८/१४ गते)

यस ईन्द्रावती गाँउपालिका, नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान, जिल्ला सामुदायिक आँखा केन्द्र सिन्धुपाल्चोकको सहकार्यमा सञ्चालित आँखा केन्द्रका लागि करार सेवामा तपसिलमा उल्लिखित पदहरुमा पदपुर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

विज्ञापन नं.	पद	तह श्रेणी	माग संख्या	आवश्यक न्यूनतम शैक्षिक योग्यता	परिक्षाको किसिम
०७९।०८०	नेत्र सहायक	पाचौं	१(एक)	नेत्र सहायक उर्त्तिण गरेको (Diploma Ophthalmic Science) नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता प्रमाणपत्र भएको	प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन, लिखित तथा प्रयोगात्मक र अन्तर्वार्ता
०७९।०८०	आँखा सहायक	विहिन	१(एक)	एस्.एल.सी एस.इ.इ गरेको अप्टिकल फिटिङ तालिम प्राप्त गरेको	प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन र अन्तर्वार्ता

१. उमेरः दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष)
२. दरखास्त दिने स्थान : ईन्द्रावती गाँउपालिकाको कार्यालय, नवलपुर सिन्धुपाल्चोक।
३. दरखास्त दिने अन्तिम मिति : २०७९।०८।२८
४. आवेदन दस्तुर : रु १०००।
५. आवेदनका साथ पेश गर्नुपर्ने कागजातहरु : आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरुको प्रतिलिपी
   क) नेपाली नागरिकता ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र
   ग) चारित्रिक प्रमाणपत्र घ) कामसँग सम्बन्धित अनुभव भए सोको कागजात
   ङ) तालिमको प्रमाणपत्र च) २ प्रति पासपोर्ट साइजको फोटो।
६. सेवा सुविधा तथा अन्य : नेपाल सरकारको प्रचलित स्केल बमोजिम।
७. आवेदन ढाँचा लगायत पदपुर्ति सम्बन्धि जानकारी यस कार्यालयको वेबसाइट www.indrawatimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।
८. दरखास्त फाराम लगायत अन्य आवश्यक कागजात यस कार्यालयको ईमेल indrawatigaupalika@gmail.com बाट समेत पठाउन सकिनेछ।
९ दरखास्त दस्तुर बापतको रकम यस कार्यालयको मेगा बैंक लि. नवलपुर शाखामा रहेको १००००१०००८५२७ मा जम्मा गरि सोको सक्कल भौचर वा यस कार्यालयमा नगद बुझाएको सक्कल रसिद पेश गर्नु पर्दछ।

थप जानकारीको लागि मोबाइल नं ९८५१२१००१३ मा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत